२०७९ सालको कार्यविधि नं. १५


# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

| खण्डः ६ | संख्याः १५ | मितिः२०७९।१२।३० |
|---|---|---|


## भाग- २

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि, २०७९ को पहिलो संशोधन कार्यविधि, २०७९

**<u>प्रस्तावनाः</u>**

हेटौंडा उपमहानगरपालिका कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि, २०७९ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि संशोधन गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि, २०७९ को पहिलो संशोधन कार्यविधि, २०७९" रहेको छ ।



हेटौंडा राजपत्र

**२. दफा ४ को उपदफा (२) मा संशोधनः** दफा ४ को उपदफा (२) मा छनौट समिति यस कार्यविधिले तोके बमोजिम हुनेछ । तर वडा कार्यालयबाट सञ्चालन गरिने अनुदान कार्यक्रमको हकमा वडा समितिले छनोट समितिको काम गर्नेछ भन्ने वाक्यांश थप गर्ने ।

**३. दफा ४ को उपदफा (३) मा संशोधनः** दफा ४ को उपदफा (३) छनौट समितिले गरेको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ । तर वडा समितिले गरेको निर्णय अनुसार वडा सचिवले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ भन्ने वाक्यांश थप गर्ने ।

**४. दफा १४ मा थप गर्नुपर्नेः** दफा १४ मा अनुगमन समितिको सिफारिसमा मात्र अनुदान अनुपातको रकम निकासा हुनेछ । तर कार्यालयले कार्यक्रम अनुगमन तथा फरफारकका लागि वडामा अधिकार प्रत्यायोजन गरेको रकमको सिमाभित्र यो दफा लागू हुनेछैन ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र